बजेट तथा कार्यक्रम तर्जुमा समिति संयोजक
एवम् गाउँपालिका उपाध्यक्ष सिता थापाबाट गाउँ सभा समक्ष प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०८२/०८३ को बजेट वक्तव्य



बजेट

गौमुल गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
घट्मुना बाजुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

आदरणीय सभाअध्यक्ष महोदय,

यस गाउँपालिकाको दोस्रो गाउँसभाको सातौ अधिवेसनका सभाध्यक्ष एवं अध्यक्ष ज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, सभाका सदस्यज्यूहरू,

आज हामी दोस्रो गाउँसभाको सातौ अधिवेसनमा गौमुल गाउँपालिकाको विकास, समृद्धि र सुशासन दीर्घकालीन सोच सहित आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम प्रस्तुत गर्न उपस्थित भएका छौ । गौमुल गाउँपालिकाको बजेट एवम कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले यो सम्मानीत गाउँसभा समक्ष आर्थिक वर्ष २०८२/०८३ को बजेट प्रस्तुत गरिरहँदा गौरवान्वित महशुस गरिरहेको छु ।

नेपालका बीर सहिदहरूको बलिदानले नेपाली नागरिकले खोजेको सेवा, चाहेको विकास र परिकल्पना गरेको समाज निर्माण गर्ने प्रणाली स्थापित भएको छ। यस महत्वपूर्ण अवसरमा देश र जनताको उज्ज्वल भविष्यको लागि मुलुकलाई संघीय लोकतान्त्रिक गणतन्त्र बनाउन आफ्नो जीवन अर्पण गर्नुहुने सम्पूर्ण सहिदहरू प्रति हार्दिक श्रद्धान्जली व्यक्त गर्न चाहान्छु ।

हामी जनताका आधारभुत तहका समस्या समाधानका

, लागि जनप्रतिनिधीको रूपमा उपस्थि भएका छौ र सम्बोधन गर्ने प्रयास पनि गरिरहेका छौ । राजनीतिक परिवर्तनबाट प्राप्त उपलब्धीलाई संस्थागत गर्दै प्रचलित कानुनमार्फत सेवा प्रबाहलाई प्रभावकारी र सुशासनयुक्त प्रविधीमैत्री बनाउन प्रतिबद्ध छौ ।

स्थानीय तहका अधिकार क्षेत्र भनि संविधान र कानूनले परिभाषित गरेका जिम्मेवारी पुरा गर्न हामीले केही कानुन र संस्थागत संरचना निर्माण गर्दै अगाडि बढ्ने प्रयास गरेका छौं ।

बजेट विनियोजन गर्दा नेपालको संविधानमा उल्लेखित राज्यका मार्गनिर्देशक सिद्धान्त तथा नीतिहरू, स्थानीय सरकार संचालन ऐन, २०७४, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४, दिगो विकास लक्ष्य, पालिकाको आवधिक योजना, स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८, गाउँसभाले पारित नीति तथा कार्यक्रम, कार्यपालिका बैठकबाट निर्धारित बजेटका प्राथमिकता, बस्तीबस्तीका समस्या, विषयगत समिति, वडा समिति, राजश्व परामर्श समिति, विभिन्न राजनीतिक दल, सरोकारवालाहरू लगायत विभिन्न विकासका साझेदार र विज्ञहरूको सुझावलाई ध्यान दिएर बजेट तथा कार्यक्रम तयार गरेको छु ।

आदरणीय सभाध्यक्षज्यू,

आ.ब.२०८२।०८३ को बजेटका मुख्य प्राथमिकता र उद्देश्यहरू यस प्रकार रहेका छन्

- शिक्षा, स्वास्थ्य र सडकलाई प्राथमिकता प्रदान गर्ने
- प्रविधिमैत्री गौमुलको संस्थागत विकास एवं दिगो संचालन गर्ने,
- रैथाने बालीको संरक्षण गर्ने तथा पशुपन्छी र कृषिजन्य बस्तुको उत्पादकत्व वृद्धि गर्ने,
- शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई सेवाको अभिवृद्धि गर्ने,
- सक्षम, सुदृढ तथा सुशासनयुक्त सेवा प्रबाहको लागि प्रविधीबाट सेवा प्रबाह गर्ने,
- दिगो विकासका लक्ष्य, गाउँपालिकाको आवधिक योजना तथा प्रदेश सरकारले लिएको लक्ष्य प्राप्तीका लागि आवश्यक कार्य गर्ने,

- सार्वजनिक खर्चमा मितव्ययीयता कायम गर्दै अनुत्पादक क्षेत्रमा खर्च कटौती गर्ने र सबै राजश्वका स्रोतहरूको परिचालन गरी करका दायरा बढाउने ।

आ.ब.२०८२।०८३ को बजेटका प्राथमिकताका आधारहरू यस प्रकार रहेकाछन्
१- आर्थिक विकास एवं गरिवी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने ।
२- उत्पादकत्व तथा छिटो प्रतिफल दिने र राजश्व परिचालनमा योदान पुऱ्याउने ।
३- स्थानीय स्रोत साधानमा आधारित भई जनसहभागिताको अभिवृद्धि गर्ने ।
४- दिगो विकासका लक्ष्य, वातावरण संरक्षण र विपद व्यवस्थापनमा योगदान पुर्याउने ।
५- लैङ्गिक समानता र सामाजिक समावेशीकरण कायम गर्ने ।
६- सेवा प्रबाह,संस्थागत विकास र सुशासन एवं प्रविधिको प्रयोगमा योगदान पुर्याउने ।
७- जिवीकोपार्जनमा टेवा पुऱ्याउने ।

**अब म गत आ.ब.२०८०।०८१ को यथार्थ आय-व्यय, चालु आ.ब.२०८१।०८२ को संशोधित आय-व्यय र आ.ब.२०८२।०८३ को अनुमानित आय-व्यय प्रस्तुत गर्न चाहान्छु ।**

आ.ब.२०८०।०८१ मा आन्तरिक राजश्वको लक्ष्य रू १ करोड ९४ लाख २ हजार रूपैया राखिएकोमा १ करोड ८१ लाख ९ हजार रूपैया संकलन भएको छ।

व्यय तर्फ चालु खर्चमा रू २४ करोड ५२ लाख ९४ हजार २ सय ३६ रूपैया पूँजीगत तर्फ १२ करोड २२ लाख ८१ हजार अनुमान गरिएकोमा क्रमशः चालु तर्फ २२ करोड १९ लाख १६ हजार ८ सय ७५.०१ रूपैया र पूँजीगत तर्फ ९ करोड १६ लाख ८४ हजार २ सय ५४.०३ रूपैया खर्च भएको छ।

चालु आ.ब.२०८१।०८२ को राजश्वको लक्ष्य रू ३६ करोड ५६ लाख २७ हजार रूपैया राखिएकोमा असार मसान्तसम्म राजश्व संकलन रू ३३ करोड २९ लाख ५२ हजार ४ सय ३९ रूपैया मात्र हुने संशोधित अनुमान रहेको छ। यो रकम कुल लक्ष्यको ९१.०६ प्रतिशत रहने अनुमान गरिएको छ। व्यय तर्फ चालु खर्चमा रू २६ करोड ३७ लाख ६५ हजार रूपैया र पूँजीगत तर्फ १० करोड १८ लाख ६२ हजार रूपैया अनुमान गरिएको मा क्रमशः चालु तर्फ रू २० करोड ७९ लाख ८८ हजार २ सय १२.७६ रूपैया र पूँजीगत तर्फ २ करोड ७४ लाख ६ हजार ८ सय ७.७४ रूपैया खर्च हुने संशोधित अनुमान गरिएको छ।

चालु आ व २०८१।०८२ को पालिकाले आजको मिति सम्म आन्तरिक राजश्व संकलनको स्थिति यस प्रकार रहेको छ।

| क स | वडा नं | राजश्व संकलन रकम | कैफियत |
|---|---|---|---|
| १ | वडा नं १ | २८२५० | मालपोत बाहेक |

| | | | |
|---|---|---|---|
| २ | वडा नं २ | ३४००० | मालपोत बाहेक |
| ३ | वडा नं ३ | १०९४७८ | मालपोत सहित |
| ४ | वडा नं ४ | ३२९०० | मालपोत बाहेक |
| ५ | वडा नं ५ | ४५००० | मालपोत बाहेक |
| ६ | वडा नं ६ | ८८४५० | मालपोत बाहेक |
| जम्मा | | ३३८०७८ | |
| पालिकाको | | १४५६१०० | |
| कूल जम्मा | | १७ लाख ९४ हजार १ सय ७८ | |

आदरणीय सभाध्यक्षज्यू,

आ.ब.२०८२।०८३ मा गौमुल गाउँपालिकामा तपशिलमा उल्लेखित स्रोतहरूबाट आम्दानी हुने लक्ष्य राखिएको जानकारी गराउँदछु । जसको संक्षिप्त विवरण निम्नानुसार रहेको छ :

**१- आन्तरिक राजश्वबाट रू ९० लाख**

**२- संघीय सरकारबाट प्राप्त हुने अनुदान रकम**

सर्शत अनुदान चालु तर्फ रू १३ करोड ६७ लाख

सर्शत अनुदान पुँजिगत तर्फ रु १ करोड ११ लाख

वित्तीय समानीकरण अनुदान तर्फ रू ८ करोड ६३ लाख

समपुरक अनुदान तर्फ रू २ करोड २८ लाख

विषेश अनुदान तर्फ रु ८१ लाख

जम्मा रकम रू २६ करोड

**३ सुदूरपश्चिम प्रदेश सरकारबाट प्राप्त हुने अनुदान रकम**

सर्शत अनुदान तर्फ रू ३० लाख

वित्तीय समानीकरण अनुदान तर्फ रू ७१ लाख ५ हजार

समपुरक अनुदान तर्फ रू १ करोड ५० लाख

विशेष अनुदान तर्फ रू ४० लाख

जम्मा रकम रू २ करोड ९१ लाख ५ हजार

**४ बाँडफाँडबाट प्राप्त हुने राजश्व रकम**

संघीय राजश्व बाँडफाँडबाट प्राप्त हुने रू ९ करोड ३२ लाख

सुदूरपश्चिम प्रदेश राजश्व वाँडफाँडबाट प्राप्त हुने रू २२ लाख ५७ हजार

जम्मा रू १० करोड १४ लाख ५७ हजार

**कुल जम्मा आय रू ३९ करोड ८५ लाख ६२ हजार हुने लक्ष्य प्रस्ताव गरेको छु ।**

आदरणीय सभाध्यक्षज्यू,

अब म आ.ब.२०८२।०८३ को विनियोजित बजेट प्रस्तुत गर्न चाहान्छु ।

संघीय सरकारको तर्फबाट सर्शत अनुदान रू १४ करोड २८ लाख, , समपुरक अनुदान २ करोड २८ लाख , विशेष अनुदान ८१ लाख र सुदूरपश्चिम सरकारको तर्फबाट सर्शत ३० लाख, समपुरक अनुदान १ करोड ५० लाख र विशेष अनुदान ४० लाखलाई तोकिएको कार्यविधि अनुरूप नै खर्च हुने गरी यस बजेटमा समाबेश गरिएको छ।

तपशिल

१. आर्थिक विकास तर्फ रू ३ करोड २० लाख ८८ हजार
२. सामाजिक विकास तर्फ रू १२ करोड ८७ लाख २० हजार
३. पूर्वाधार विकास तर्फ रू ६ करोड ४६ लाख ८४ हजार
४. सुशासन तथा अन्तरसम्बन्धित सेवा प्रबाह तर्फ रू ८० लाख ७० हजार
५. कार्यालय संचालन तथा प्रशासनीक खर्च तर्फ रू १६ करोड ५० लाख

आदरणीय सभाध्यक्षज्यू,

अब, विभिन्न विषयगत शाखा र गाउँकार्यपालिकाको कार्यालयको बजेट विनियोजन पेश गर्न चाहान्छु।

आ.ब.२०८२।०८३ को कुल बिनियोजन रकम रू ३९ करोड ८५ लाख ६२ हजार मध्ये चालु तर्फ २९ करोड ५१ लाख ८८ हजार रूपैया (७४.०७ प्रतिशत) र पूँजीगत खर्च तर्फ रू १० करोड ३३ लाख ७४ हजार रूपैया (२५.९३ प्रतिशत) विनियोजन गरिएको छ।

- पालिकामा कार्यरत सम्पूर्ण स्थानीय सेवाका राष्ट्रसेवक कर्मचारीहरुको मनोवल उच्च पार्न प्रोत्साहन स्वरुप मासिक २ हजार प्रोत्साहन भत्ता उपलब्ध गराउने व्यावस्था गरेको छु।

बजेट सम्बन्धि अन्य विस्तृत विवरण अनुसुचीहरुमा उल्लेख गरेको छु।

आदरणीय सभाध्यक्षज्यू,

बजेट तर्जुमासँगसँगै यसको कार्यान्वयन अर्को महत्वपूर्ण पाटो हो । लक्ष्य अनुरूपका कार्यक्रमहरू समयै संचालन हुन सके मात्र अपेक्षित नतिजा हाँसिल गर्न सकिन्छ। कार्यक्रमको सफल कार्यान्वयनमा स्थानीय समुदायको अत्यन्त ठूलो भूमिका हुने भएकाले स्थानीय समुदायको तर्फबाट अपनत्व ग्रहण गरी यसको सफल कार्यान्वयनमा सहयोग पुर्‍याउने अपेक्षा लिएको छु । प्रस्तावित कार्यक्रमबाट गाउँपालिकाले प्रदान गर्ने सेवाप्रबाहमा गुणात्मक सुधार आई सुशासन प्रवर्द्धनमा टेवा पुग्ने विश्वास लिएको छु ।

प्रस्तुत बजेटको प्रभावकारी कार्यान्वयनका लागि सम्वद्ध सबै सरोकारवाला पक्षसँग सहयोग र सहकार्यको अपेक्षा गर्दछु ।

आदरणीय सभाध्यक्षज्यू,

गौमुलगाउँपालिकाको गरिमामय यस दोस्रो गाउँसभाको सातौ अधिवेशनमा बजेट निर्माण गर्न अरात्र खटिनुहुने गाउँसभा सदस्यहरू, विषयगत समिति, बजेट तर्जुमा समिति, बजेट मस्यौदा समिति, कर्मचारी

मित्रहरू, गौमुलबासी दाजुभाई तथा दिदीबहिनीहरू लगायत सम्पूर्ण गौमुलगाउँपालिकाका शुभचिन्तकहरूमा धन्यबाद ज्ञापन गर्दछु ।

अन्त्यमा, देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरूलाई गाउँपालिकाको समृद्धि र पालिकाबासीको हितमा सहयोग र लगानी गरी योगदान गर्न आव्हान गर्दछु ।

**"आत्मनिर्भर जनता गौमुल समृद्धिको आधारः**
**शिक्षा र स्वास्थ्यमा सुधार, जडिबुटि, पर्यटन प्रवर्द्धन र सहकारी मार्फत कृषिजन्य व्यापार"**

धन्यवाद ।

सिता थापा
गाउँपालिका उपाध्यक्ष
गौमुल गाउँपालिका
घट्मुना, बाजुरा ।